दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २४४ | बुटवल | २०८२ भदौं १४ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday August 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## नापी अधिकृत यादवविरुद्ध भ्रष्टाचार मुद्दा

बुटवल । नापी कार्यालय भैरहवा, रुपन्देहीमा कार्यरत नापी अधिकृत सुग्रीव यादवमाथि ५ करोड ७९ लाख ६२ हजार ४४० रुपैयाँ अवैध सम्पत्ति रहेको ठहरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

विभागीय प्रमुख र दलका नेताहरूलाई प्रभावमा पारी उपसचिवसरहको प्रमुख रहने दरबन्दी रिक्त बनाई, विदेश पढ्न गएका कर्मचारीको पद र दरबन्दी कायम गरी यादवले दशौं वर्ष निमित्त हाकिम चलाएर सरकारी सार्वजनिक जग्गा हाल साबिक, प्लट मिलान, सार्वजनिक जग्गा व्यक्तिको नाउँमा पारी करौडौंको आर्थिक चलखेल गरेको अख्तियारले जनाएको छ।

यादव र परिवारको २०५३ असार १३ देखि ८१ असार १६ सम्मको सम्पत्ति विवरण जाँच गर्दा तलभ भत्तासहित कुल वैध आय ९ करोड ३ लाख ९५ हजार ४४४ देखिएको अख्तियारको विज्ञप्तिमा उल्लेख छ। सोही अवधिमा जग्गा खरिद, घर निर्माण, शेयर खरिद, सवारी साधन खरिद, व्यवसायिक लगानीको रकम हिसाब गर्दा व्ययतर्फ १४ करोड ८३ लाख ५७ हजार ८८४ रूपैयाँ खर्च भएको बताइएको छ। आयव्ययको लेखाजोखा गर्दा यादवको ५ करोड ७९ लाख ६२ हजार ४४० रूपैयाँ गैरकानूनी देखिएको सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले बताए।

अवैध सम्पत्ति आर्जनबाट उनले श्रीमती गायत्री यादव, छोराहरु सुधान्सु यादव र शुभम यादवका नाममा खरिद गरेका सम्पत्तिसमेत जफत गर्ने गरी तीनैजनालाई प्रतिवादी बनाइएको छ।

## मनाङमा कार्तिक १७ मै चुनाव

बुटवल। मनाङ प्रतिनिधि सभा–१ को प्रदेशसभा २ मा कात्तिक १७ मै उपचुनाव हुने भएको छ। निर्वाचन आयोगको शुक्रबारको बैठकले उप-चुनावको मिति निर्धारण प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। रुपन्देही–३ को प्रतिनिधिसभा उपचुनाव पनि यही मितिमा हुँदैछ। यहाँ गएको चुनावमा राजीव गुरुङ निर्विरोध निर्वाचित भएका थिए। ज्यान मार्ने उद्योगको मुद्दामा सर्वोच्चको आदेशसँगै उनी उम्मेदवार बन्न अयोग्य ठहरिएका छन्।

संवैधानिक इजलासले उनको पद २०८१ कात्तिक २० गतेदेखि रिक्त भएको ठहर गरेको थियो।आयोगले यस उपनिर्वाचनका लागि भदौ २५ मा अद्यावधिक भई प्रकाशित अन्तिम मतदाता नामावली प्रयोग गर्ने निर्णय समेत गरेको छ। यसमा मतदाता बन्नको लागि २०८२ कात्तिक १६ गतेसम्म १८ वर्ष पुग्नुपर्नेछ।

निर्वाचन आयोगले उप-पनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउने प्रतिबद्धता जनाउँदै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, मतदाता तथा सम्पूर्ण सरोकारवालासँग सहकार्य र सहयोगको अपील गरेको छ।

## प्रहरी महानिरीक्षकमा खापुङ नियुक्त

बुटवल । सरकारले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक (आइजिपी)मा चन्द्रकुबेर खापुङलाई नियुक्त गर्ने निर्णय गरेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले उनलाई आइजीपी नियुक्त गर्ने निर्णय गरेको स्रोतले बतायो । उनी हाल एआइजीको रूपमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को प्रमुख छन्।अहिले आइजिपी दीपक थापा छन्। उनी भदौ १८ गते राति १२ बजेदेखि अवकाशमा जाँदैछन्। उनी अवकाशमा गएसँगै खापुङ नेपाल प्रहरीको ३२औं आइजिपी हुनेछन्।

» बाँकी ३ पेजमा

# कारबाहीले कांग्रेसमा किचलो

**तीन वर्षअघि भएको चुनावमा अन्तर्घात गरेको भन्दै कांग्रेसले विभिन्न नेतालाई कारबाही गरेपछि नवलपरासी र रूपन्देहीमा विवाद चुलिएको छ। कांग्रेस संस्थापनले प्रतिशोधमा कारबाही गरेको इतर पक्षको भनाइ छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

तीन वर्षअघि भएको निर्वाचनमा अन्तर्घात गरेको आरोपमा कांग्रेसको अनुशासन समितिले विभिन्न तहका १८ जना नेतालाई कारबाही गरेपछि पार्टीभित्र विवाद बढेको छ ।

कांग्रेसको अनुशासन समितिले लुम्बिनीका पार्टी महामन्त्री नवलपरासी बर्दघाट सुस्ता पश्चिमका विक्रम खनाल, रूपन्देहीका विष्णु पोखरेलसहितलाई कारबाही गरेको थियो ।

नवलपरासी बर्दघाट सुस्ता पश्चिम निर्वाचन क्षेत्र नम्बर १ का सांसद विनोद चौधरीलाई चुनावमा असहयोग गरेको आरोपमा चौधरीकै उजुरीका आधारमा खनाललाई कारवाही गरेपछि यहाँ विवाद बढेको छ।

यो कारबाहीमा केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलले समेत सघाउ पुऱ्याएको भन्दै खनाल पक्षका नेता कार्यकर्ताले कडेंलको चर्को विरोध गरिरहेका छन् । अहिले खनाल र कडेंल–चौधरी पक्षका कार्यकर्ता सामाजिक सञ्जालमा आपसमा बाझाबाझ गरिरहेका छन्।

असार २५ गते प्रदेश महामन्त्री खनाललाई अनुशासन समितिले कारबाही गरेपछि कांग्रेस जिल्ला कार्यसमितिले केन्द्रीय सदस्य देवेन्द्रराज कँडेललाई आगामी पाँच वर्षका लागि कारवाही गरेको पत्र केन्द्रमा पत्र पठाउने निर्णय गरेको छ।

जिल्ला कार्यसमितिको बैठकले केन्द्रीय सदस्य कँडेललाई ५ वर्षका लागि निष्कासन गरेको जिल्ला कार्यसमितिका प्रवक्ता राधेश्याम पाठकले बताए। केन्द्रीय समिति बैठकमा सांसद चौधरी र शेखर कोइरालाबिच यही कारबाहीको विषयमा सवालजवाफ भएको थियो । खनाल कोइराला र चौधरी तथा कँडेल देउवा निकट नेता मानिन्छन् । कांग्रेस केन्द्रीय सदस्य दकँडेलले चुनावको समयमा गरेको असहयोग र घातको अडियो, भिडियो प्रमाणसहित अनुशासन समितिमा उजुरी परेको र छानबिन गरी समितिले कारबाही गरेको बताए । उनले आफूलाई जिल्ला समितिले गरेको कारबाही हास्यास्पद भएको बताए।

प्रदेश महामन्त्री खनालले कारबाही हुने सूचना पाउनु अगाडि र कारबाही भएपछि दुई पटक पत्रकार सम्मेलन गरेर आफूविरुद्ध षड्यन्त्र भएको बताएका छन्। 'पार्टी हुकुमी शैली र पैसावालाको पक्षमा लाग्यो, कार्यकर्ता पाखा लाग्ने अवस्था आयो ।'-उनले भनेका छन्।

४० वर्षदेखि कांग्रेसको संगठन बनाउन लागेको भन्दै उनले प्रतिशोधपूर्ण कारवाहीको प्रतिरोध गर्ने बताए । खनाललाई कारवाही गरेको विरोधमा सदरमुकाम परासीमा विरोध जुलुस निकालिएको थियो। रुपन्देही–३ मा उप-निर्वाचन हुन लागेको बेला यहाँ युवा नेता विष्णु पोखरेललाई कारबाही भएपछि विवाद चर्किएको छ। तीन वर्षअघि भएको निर्वाचनमा अन्तरघातको गरेको भन्दै कांग्रेसले उनलाई कारबाही गरेको हो।

काँग्रेस लुम्बिनी प्रदेश समितिले प्रदेश समिति सदस्य विष्णु पोखरेललाई पदबाट निस्काशन गरेको हो। कांग्रेस प्रदेश अध्यक्ष अमरसिंह पुनले केन्द्रको निर्देशन अनुसार पोखरेललाई जिम्मेवारीबाट मुक्त गरेको जानकारी दिए।

पोखरेलले कारबाहीको कुनै वैधानिकता नभएको प्रतिक्रिया दिएका छन् ।

स्पष्टीकरणको मौका नदिई कारबाही गरेको उनको गुनासो छ। 'मैले पार्टीको नीति र सिद्धान्तभन्दा बाहिर गएर काम गरेको छैन् ।'- उनले भने।

पोखरेल विरुद्ध रुपन्देहीको निर्वाचन क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार भरतकुमार शाहले उजुरी गरेका थिए । शाहको उजुरी छानबिन भएपछि पोखरेल कारवाहीमा परेका हुन् । २०७४ मा रुपन्देही क्षेत्र नम्बर ५ कबाट उम्मेदवार भएका पोखरेल २०७९ मा पनि सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन चाहन्थे। तर तत्कालीन सत्ता गठबन्धनका बिचमा भएको सहमति अनुसार उक्त निर्वाचन क्षेत्र नेकपा माओवादी केन्द्रको पोल्टामा परेपछि पोखरेल उम्मेदवार बन्नबाट वञ्चित भए।

पोखरेलले कारवाहीको औपचारिक जानकारी नपाएको बताए। पार्टीले पोखरेललाई पठाएको पत्रमा भने पार्टीको विधान २०१७ को परिच्छेद ४ धारा १३ को उपधारा १० बमोजिम पदमुक्त गरिएको उल्लेख छ।पोखरेल कांग्रेसमा शेखर कोइराला निकट भनेर चिनिन्छन् । रुपन्देहीमा विद्यार्थी राजनीतिबाट उदाएका उनी खरो र जुझारु युवा नेताको पहिचान बनाएका छन्।

### स्थानीय तहमा बेथितिः
# सैनामैनाको इजलास कवाडखानामा परिणत

**नरेश चौधरी,**
*सैनामैना*

सैनामैना नगरपालिकाले नगर कार्यापालिकाको कार्यालय भित्र निर्माण गरेको न्यायिक इजलास प्रयोग विहिन भएको छ। करिब ५ लाखको लगानीमा बनेको इजलास प्रयोगविहीन बनेको हो।

स्थानीय तहमा न्यायिक समितिलाई विवाद निरूपण गर्न नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ। सोहीअनुसार स्थानिय तहमा न्यायिक कार्य सम्पादनको काम हुने गर्दछ । न्यायिक कार्य छिटो छरितो, प्रभावकारी र सरल बनाउनका लागि अदालतको झल्कोदिने गरि सैनामैनामा न्यायिक इजलासको निमार्ण गरिएको छ। तर अहिले सो इजलास प्रयोगविहीन बनेको छ।

अदालतमा समान्यतय न्यायाधीशको आसन, रजिष्ट्रार वा श्रेस्तेदारको स्थान, वकिलहरूको स्थान,आरोपीको डब्बा, प्रहरीको स्थान, सार्वजनिक र दर्शक दीर्घा, साक्षी गवाह बस्ने स्थान, मुद्दा दर्ता र प्रशासनिक कक्षहरू हुने गर्दछन्। सैनामैनाको न्यायिक इजलासभित्र पनि झट्टा हेर्दा कुनै अदालतकै इजलास जस्तै देखिने दुरुस्तै बनाइएको छ।

तर लाखौं लगानीमा निर्माण गरिएको सो इजलास अहिले कार्यालयका कवाड राख्ने ठाउँ बनेको छ। इजलासमा माकुराको जालो लागेको छ। फर्निचर, टेवल कुर्सी तलमाथि राखिएका छन्, अन्य सामान गाँजिएर राखिएकाछन् । ठ्याक्कै हेर्दा कुनै कावाडखाना जस्तो देखिएको छ। सैनामैनाले लाखौं रकम खर्च गरेर बनाएको भौतिक संरचना अहिले खेर जाने स्थिति भएको छ।



सैनामैना नगरपालिका योजना शाखा प्रमुख इञ्जिनियर सुरज न्यौपानेका अनुसार सो इजलास करिब पाँच लाखको लागातमा निर्माण गरिएको हो।

सैनामैना नगरपालिका उप-प्रमुख तथा न्यायिक समिति संयोजक विना रानाले इजलास प्रयोगविहीन रहेको स्वीकार गरिन् । इजलासमा निर्णय गर्ने खालका विवाद तथा मुद्दा नभएकाले र स्थानीय तहमा न्यायिक समितिलाई १३ वटा मात्र मेलमिलाप गराउने खालका विवादका मुद्दा मात्र हेर्न मिल्ने अधिकार भएकाले सो इजलासको प्रयोग नगरिएको उनको भनाइ छ।

'इजलासमै निर्णय गर्न मिल्ने गरी कानुन नबनेकाले हामीले इजलासको प्रयोग गरेका छैनौं ।'-उनले भनिन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला, जग्गा जमीन, अंशबण्डा, साँध विवाद जस्ता १३ वटा मुद्दाको टुंगो लगाउने गर्दछन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ मा न्यायिक समितिको क्षेत्राधिकारबारे स्पष्ट व्याख्या समेत गरेको छ। स्थानीय तहमा एक न्यायिक समिति हुन्छ जुन अदालत हैन, यसले मिलापत्र र साना विवाद समाधान गर्ने निकायकारुपमा काम गर्छ।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ भदौ १४ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

शहरबाट चुपचाप हरायो
हरायो सँगै उसको इतिहास ।
त्यस दिनदेखि मैले गीत सुन्न छाडिदिएँ
गाउन थालें आफ्नै गीत ।

– विमला तुम्खेवा
(‘कवि’ कविताबाट)

किताब

# भार्से– गोर्खाभर्तीको आत्मकथा



रामचन्द्र श्रेष्ठ

“म त कुनामा बस्थे । कसले वास्ता गर्नु ? हाम्रो त गन्ती नै हुन्थेन । सबै पल्टनका कुरा गरिरहेका हुन्थे ।”

हिमालय बुक हाउसमा गोर्खा भर्ती, भार्से र लेखनबारे चर्चा चलिरहँदाको प्रसङ्ग हो यो । हामीले सोधेका थियौं लेखक बोम बहादुर थापा(श्रीस)लाई कि प्रत्येक घर लाहुरे हुने गाउँमा गैर लाहुरे हुनुको अनुभव । उनले सुनाएका थिए भोजभतेर, जमघटमा हुने पल्टनिया गफ, लाहुरेका कथा र गैरपल्टनिया भएको कारण माहौलमा नसमेटिएको अलगावको व्यथा ।

मगर बाहुल्य रहेको गुल्मीको भार्से गाउँ लाहुरे गाउँको रुपमा परिचित छ । उसो त आफ्नो किताब ‘भार्सेली गोर्खागाथा र सेरोफेरो’ मा श्रीसले भार्सेको सम्पूर्ण परिचयलाई एउटा शब्दमा खुम्चाएका छन्– पल्टनघर । अर्थात्, सिंगो गाउँ आफैँमा एउटा पल्टन हो । र, पल्टन मात्र नभएर पल्टन तयार गर्ने कारखाना हो । जसले छोरा जन्माउँछ लाहुरे बनाउनको लागि । जसले सपना देख्छ फौजमा उपल्लो दर्जामा पुगेको । यस्तो गाउँ जहाँ हावाले पनि सुनाउँछ लाहुरे गाथा, वीरता, फौज, बहादुरी र बलिदानको कथा ।

गोर्खा भर्ती वा लाहुरे नेपाली समाजमा जति नै चर्चा गरे पनि कमी भइरहने विषय हो । यो विषय मात्र होइन, सुगौली सन्धिपश्चात् अर्थात दुई शताब्दीदेखि चलिआएको परम्परा हो । गोर्खा भर्तीबारे कैयौं पुस्तक लेखिएका छन्, कैयौं विवेचना गरिएका छन्, कैयौं शोध गरेर दृष्टिकोणहरू निर्माण गरिएका छन् । यस्तो खालको लेखोटमा अधिक लेखनी अंग्रेज दृष्टिकोणबाट प्रभावित छन् । उनीहरूले ‘गोर्खा’लाई एउटा विम्ब बनाएका छन् र त्यसलाई परिभाषित गरेका छन्– सैन्य जाति वा लडाकु जाति । अर्थात्, एउटा यस्तो मानव जाति जो लड्नलाई उत्सुक रहन्छ । जसको रगतमा बलिदान, वीरता र मारकाट मात्र रहन्छ । यसरी ‘लडाकु’ विम्बको सिर्जना गर्नुको आन्तर्यमा पाश्चात्य सभ्यताको श्रेष्ठता सिद्ध गर्नु र पूर्वीय सभ्यतालाई ‘असभ्य’ चित्रण गर्नु थियो । त्यसको लागि मध्य पहाडी भेगका मगर, गुरुङ, राई, लिम्बुलाई सोझा, इमानदार र वीरको रुपमा व्याख्या गरियो । खासगरी सन् १८५९ को पहिलो भारतीय स्वतन्त्रता संग्राम पछि ‘मार्सल रेस थ्यौरी’ (सैन्य जातिको सिद्धान्त) प्रतिपादन गरियो । जसअनुसार दुःख-सुख गरेका, पहाडका उकाली ओराली गरेका, एउटा निश्चित भूगोलमा समेटिएर बसेका, मिहिनेती जातिलाई सैन्य जातिको रुपमा लिइयो । र, तुलनात्मक रुपमा लाभदायक भूगोलमा बसेका, सुखसुविधा भोग गरेका, ‘पठित’लाई गैरसैन्यको रुपमा लिइयो । पल्टन निर्माणको क्रममा पनि ‘सैन्य जाति’को बेग्लै पल्टन बनाउने, अन्यसँग अक्षुण्ण राख्ने रणनीति अपनाइयो । यसरी बेलायती साम्राज्यवादको ज्यावलको रुपमा ‘गोर्खा’ नामक ‘सैन्य जाति’को परिकल्पना गरियो । त्यसैले मेरी डेसेनले आफ्नो विद्यावारिधी शोधपत्र ‘रेलिक्स अफ एम्पाएरः अ कल्चरल हिष्ट्री अफ द गुर्खा, १८१५-१९८७’ मा लेखेकी छिन्– “तिनीहरू (गोर्खा) औपनिवेशिक शासनको साधन र औपनिवेशिक ज्ञानको विषय दुवै बने ।” र, यी ‘गोर्खा’ खासमा गोर्खाली नै होइनन् । बरु, यी त गोर्खालीसँग संघर्ष गर्ने हुन् । चाहे मध्य नेपालका उच्च पाखाहरूमा बस्ने मगर, गुरुङ हुन् वा पूर्वका राई, लिम्बु । तर, औपनिवेशिक परिभाषामा यी ‘गोर्खा’ बनाइए । यी ‘अरु’बाट व्याख्या गरिएका ‘गोर्खा’ आफुलाई कसरी लिन्छन् ? आफैबारेको धारणा के हो ? यिनका गाउँमा गोर्खा भर्तीले के परिवर्तन ल्यायो ? गोर्खा भर्तीको दुई शताब्दी लामो इतिहासले यिनको संस्कृतिमा के परिवर्तन ल्यायो ? यस्ता धेरै प्रश्नहरूको लागि उपयुक्त स्रोत बनेको छ श्रीसको किताब ।

पेशाले श्रीस बागवानी विशेषज्ञ हुन् । विशेषज्ञको हैसियतमा सरकारी सेवा गरेर हालै उनी सेवानिवृत्त भएका छन् । जीवन यात्राको घुम्तीमा उनी कसोकसो भर्ती हुनबाट छुटे । यसको पछाडि उनको अध्ययन प्रतिको लगाव थियो भन्न सकिन्छ । मान्छेको जीवन कहाँ उसले छनौट गरेको जस्तो हुन्छ र ? उसो त नियतिलाई दोष पनि दिइन्छ । ‘नियति’ आफैमा भने सामाजिक उत्पादन हो । सामाजिक उत्पादन प्रणाली, संस्कृति, जीवन दर्शन, जीविकोपाजर्नका अनेकन प्रयत्न आदिको ठक्कर, टकरावबाट संयोगहरूको निर्माण हुन्छ । शायद यस्तै स-साना संयोगहरूले जीवनको गोरेटो फरक पार्छ । फरक त आखिर थोरै न हुने हो । रोबर्ट फ्रस्टले आफ्नो कविता ‘द रोड नट टेकन’मा लेखेझैं– ‘मैले कम चल्तीको बाटो रोजें, र सारा फरक त्यसैले पारेको हो ।’ हो त, श्रीसले कम चल्तीको बाटो रोजे । उनको गाउँमा लाहुरेहरूले वि.सं. १९८७ सालमा खोलेको पाठशाला थियो । गोर्खा भर्तीको एउटा उल्लेखनीय प्रभाव थियो त्यो– पाठशाला, पढाउनु पर्छ भन्ने सोच । त्यो विद्यालय २०१८ सालमा हाइस्कुलमा स्तरोन्नति भयो । त्यहाँ हरेक दिन पीटी-परेड गर्नैपर्थ्यो । अर्थात्, सिंगो गाउँमा जे हुन्थ्यो लाहुरे बन्ने उपक्रम नै हुन्थ्यो । लाहुरे भन्ने तयारी नै हुन्थ्यो । आखिर त्यो ‘पल्टनघर’ न थियो । तर, यो पल्टनघरमा जन्मिएका श्रीस कताकताबाट बाकटे हान्निएर लागे रुपन्देहीको दक्षिण पक्लिहवा कृषि विज्ञान पढ्न । उसो त पक्लिहवा थियो गोर्खा भर्ती यात्राको एउटा उल्लेखनीय ठाउँ । जहाँ बेलायती फौजको लागि भर्ती लिइन्थ्यो । जहाँ फौजबाट घर फर्कदाँ पतिया गरिन्थ्यो । जब भारत स्वतन्त्र भयो पक्लिहवाको बेलायती फौज भर्ती केन्द्रलाई कृषि क्याम्पस बनाइयो । यो एउटा रमाइलो संयोग थियो वा भनौं बृहत सामाजिक सम्बन्धले निर्माण गरेको ‘नियति’ । एकातिर कृषि क्याम्पस खुल्नु र अर्कोतिर भार्सेको पल्टनघरबाट उछिट्टिएर बोमबहादुर श्रीस त्यहाँ पुग्नु । भलाकुसारीमा श्रीसले बडो स्वादिलो पाराले यी घटना वर्णन गर्छन् । उसो त उनी बिदामा घर फर्कदा गल्लावालले केटाहरू छानिरहेको थियो र उनलाई पनि सामेल गराइएको थियो । तर, एउटा सानो फरक चाहिएको थियो जीवनमा, त्यो फरक थियो उनको तौल । चाहिन्थ्यो ५० किलो, उनी थिए ४८ किलो । आखिर यहीं दुई किलोको फरकले उनलाई बागवानी विशेषज्ञ बनाइदियो । तर, लाहुरेहरूका कथा सुन्दा सुन्दा उनलाई रेकर्ड गर्न मन लाग्यो । उनी अभिलेखीकरण गर्न थाले । जुन कालान्तरमा एउटा पुस्तक बन्यो– ‘भार्सेली गोर्खागाथा र सेरोफेरो’ ।

२१८ पानाको किताबमा ५ वटा खण्डहरू, ६ अनुसूचीहरू समेटिएका छन् । पहिलो खण्ड छ– ‘सामाजिक तथा ऐतिहासिक पहिचान’ । यो खण्डमा श्रीसले भार्सेको परिचय, संक्षिप्त इतिहास, लाहुरे बन्ने पृष्ठभूमि र भर्ती जाने बाटो उल्लेख गरेका छन् । कुनै कालखण्डमा कारण विशेषले लाहुरे बनेपछि त्यो कसरी पुस्तैनी हस्तान्तरण भयो र मगरहरू तामाका खानी खन्न छोडेर फलामे बन्दुक समात्न पुगे भन्ने रोचक विवरण छ यसमा । राणा शासनमा साधारण नेपालीको पहुँचमा जुत्ता थिएन । गाउँका जिम्दारहरूले जुत्ता लाउँथे त्यो पनि काँचो छालाको । भर्ती भएका लाहुरेहरू अनेकन तक्मा, फुली सहित बुट बजार्दै गाउँ आउँथे । भर्ती उनीहरूको लागि केवल जीविकोपार्जन मात्र थिएन । गोर्खाभर्ती उनीहरूको लागि ‘इज्जत’, ‘प्रतिष्ठा’, ‘स्वाभिमान’ र ‘सम्मान’ थियो । बिहेका लागि पनि पहिलो प्राथमिकता लाहुरे नै हुन्थे । लाहुरेहरूले बेलायती साम्राज्यवादका लागि मोर्चामा मात्र काम गरेका थिएनन् । उनीहरूले बेलायती उत्पादन पनि गाउँ गाउँमा पुऱ्याएका थिए । यसले एकातर्फ गाउँको संक्षिप्त भूगोलमा समेटिएका नेपालीलाई विश्वबजारको स्वाद चखायो भने बेलायती सामानको लागि बजारको विस्तार पनि गऱ्यो । इतिहासको वर्णन गर्दा श्रीसले तथ्यांक प्रस्तुत गरेका छन्– पहिलो विश्वयुद्धमा ७४ जना भार्सेलीहरू युद्ध लडेका थिए । दोस्रो विश्वयुद्धमा त्यो संख्या १८५ पुगेको छ । भार्से बाहेकको छेउछाउका गाउँको संख्या पनि उनले उल्लेख गरेका छन् । गोर्खा भर्तीबाहेक भारतीय फौजदेखि ब्रुनाईको गार्डसम्मको चर्चा गरेका छन् ।

दोस्रो खण्ड छ– गोर्खा भर्ती एवं व्यक्तित्व । यो अलि बृहत छ । यसमा उनले केटा छान्ने १५जना गल्लावालहरूको चर्चा गरेका छन् । त्यस्तै भर्ती हुने तरिका । भर्ती पछिको रमझम । फौजबाट फर्किदाँको भट्टीवाला चर्तिकला वर्णन गरेका छन् । यसले नेपाली समाजको लागि भर्ती कसरी एउटा संस्कृति बनेको थियो भन्ने चित्रण गर्छ । यहीं खण्डमा उनले ‘गोर्खा भर्तीको किसिम’को उपमा दिएर बेलायती साम्राज्यवादको गोर्खाली पल्टनदेखि दलाई लामाको टु-टु ग्रुपसम्मको चर्चा गरेका छन् । अर्थात्, ‘गोर्खा भर्ती’ केवल गोर्खाली पल्टनसम्म सीमित नभएर बृहत्तर सुरक्षा फौजमा सामेल हुनुको उपमा बनेको छ । र, ‘विश्वव्यापीकरण’को नाममा परिधिका देशको मानवीय स्रोतको दोहनको क्रममा यो परिभाषा अझै फराकिलो बन्ने सम्भावना देखिएको छ । यहीं खण्डमा उनले पल्टनमा सम्मानित भार्सेली गोर्खाको विवरण पनि समेटेका छन् ।

खण्ड ग हो– युद्ध कथा एवं युद्ध मोर्चा । यो खण्ड बयानहरूको संकलन हो । यसमा उनले ‘लाहुरे’को मौलिक भाषामा उनीहरूको कथा प्रस्तुत गरेका छन् । विश्वयुद्ध लडेका १३ जना लाहुरेका कथा समेटेका छन् । त्यसबाहेक भारत-चीन, भारत-पाकिस्तान,१९७१ को बंगलादेशको युद्धमा लडेकाहरूको कथा पनि समेटेका छन् ।

‘बहादुरी एवं सैन्य मेडल’ शीर्षक दिइएको खण्ड ‘घ’मा उनले भी.सीं र अन्य तक्मा पाउने गोर्खाहरूको ‘वीरता’को चर्चा गरेका छन् । अन्तिम खण्डको शीर्षक हो– ‘सामाजिक सम्बन्ध एवं सैन्य विवरण’ । यसमा उनले गोर्खा भर्तीले सामाजिक सम्बन्ध, संस्कृति र जीवनशैलीमा ल्याएको परिवर्तनको चर्चा गरेका छन् । युद्धमा लाहुरेहरू मारिएपछि गाउँमा धेरै नवविवाहित महिला विधवा भए । त्यसपछि गाउँको सभा बसेर देवरसँग बिहे गरिदिने अर्थात् ‘भाउजु सोमर्ने’ प्रचलनको थालनी गरियो । यसको पछाडि आर्थिक कारण पनि हुनसक्छ । मृतकको क्षतिपूर्ति घरमा नै सुरक्षित राख्ने उपाय पनि हुनुपर्छ । गुल्मीका केही मगर गाउँमा कतैकतै अद्यापी यस्तो प्रचलन अभ्यास भएको पाइन्छ । यो एउटा उल्लेखनीय विषय हो नेपाली सामाजिक संस्थाहरूको परिवर्तनको कारकहरूको अध्ययनको लागि ।

श्रीसको लेखनी बढी विवरणात्मक, कम विश्लेषणात्मक छ । शायद उनी विश्लेषणको जिम्मा पाठकलाई नै छोड्छन् । उनको लेखनीमा एथ्नोग्राफीका गुणहरू प्रशस्तै पाइन्छन् । समयले उनलाई थप जिम्मेवारी बाँकी छोडेको छ । भार्से अहिले बसाईं सरेको छ । कपिलवस्तु, रुपन्देही र नवलपरासीमा मात्र हजारभन्दा धेरै घरधुरीहरू भार्सेली छन् । काठमाडौंमा पनि तीनसय जति घरधुरीहरू छन् । अहिले त्यो पल्टनघर विघटन भएको हो वा त्यसमा रुपान्तरण आयो ? आन्तरिक बसाइसराईको आयाम कस्तो छ ? यस्ता थप प्रश्नहरूमा केन्द्रीत नयाँ किताबको आशा गर्नु पाठक धर्म हो ।

## कविता

### मान्छेहरू दगुरिरहेका छन्



दिल साहनी

सडकमा
हतार हतार
यताबाट उता दगुरिरहेका छन् मान्छेहरू
उताबाट यता दगुरिरहेका छन् मान्छेहरू
हुन सक्दछ ठूलै मिसन लिएर दगुरिरहेका हुन
सक्दछन् मान्छेहरू
हुन सक्दछ ठूलै एमविसन लिएर दगुरिरहेका हुन
सक्दछन् मान्छेहरू
हुन सक्दछ बिना अर्थ व्यर्थ पनि दगुरिरहेका हुन
सक्दछन् मान्छेहरू
तर पनि केही लक्ष्य नभए पनि
केही उदेश्य नभए पनि
कुनै ठूलै रणभूमिमा सम्मिलित हुन दौडे जस्तै
कुनै ठूलै कुरामा बाजी मार्न दौडे जस्तै
कुनै ठूलै मेराथुन रेस जित्न दौडे जस्तै
यताबाट उता दगुरिरहेछन् मान्छेहरू
उताबाट यता दगुरिरहेछन् मान्छेहरू
सडकमा
हतार हतार
मान्छेहरू दगुरिरहेछन् ।
५-५-२०८२

### अल्झाउने कुराहरू बहलाउने कविता

श्रेया लिम्बु

तिमी नफर्किनु, म पर्खि बसौंला नि
तिमीले वास्ता नगर्नु, म हेरिरहुँला नि
तिमीले राख्नु काडाँ थुपारेर आफ्नो मनमा
म तिम्रो लागि फूलै फूल सजाइ राखुँला नि

तिम्रो मनबाट यसरी बिदा भए मानौं म नै अपराधी
कसुर त म मान्छु मेरै छ तर सुनुवाइ पनि त हुनुपऱ्यो नि
थिए ती रङ्गिन सपना तिमीले र मैले सजाएको
खै गल्ति कसको भयो तर सम्बन्धको बन्यो समाधि

तिमी नचिन्नु मलाई, म हेरेर नि अन्जान झैं गरिदिउँला नि
तिमी जानेर गर या अन्जानमा म तिम्रो हरेक नजर
अन्दाज सहिदिउँला नि
सूर्यसँग पारिजात लुके झैं पिजंडाबाट सुँगा उम्के झैं
म स्वीकार्छु सजायँ त्यसरी बिना अपराधको कसुरदार भई

तर अब तिमी नफर्किनु मैले पुरै जीवन कटाए पनि
तिमीसँग कहिल्यै पुरा नहुने सपना सजाए पनि
तर बिन्ती छ मलाई तिमीले दया गरेर भए भए नि घृणा
नगरिदिनु
चाहे जति सुकै गम्भीर कसुरको कसुरदार भए पनि

तिमीलाई म पाउन सक्दिनँ, म तिम्रो हुन पनि सक्दिन
किन भनेर कहिल्यै नसोध्नु, म कहिले कारण भन्न सक्दिन
तिमी ठान्छौं तिम्रो सबैभन्दा ठूलो शत्रु हो म
तर मेरो मनमा तिम्रो लागी अथाह माया छ भनि
सावित गर्न सक्दिनँ

छोडिदेऊ यी सब मनलाई अल्झाउने कुराहरू
मेरो मन बहलाउने कविताका हरफहरू
म पारिजात भए तिमी सूर्य बन्यौ
छोडिदिए मैले तिम्रो बन्ने महँगो सपनाहरू

दर्शन

# नेपाली संस्कृतिमा जीवनप्रतिको दृष्टिकोणः धार र आधारबारे केही चर्चा

प्रा. प्रेम खत्री

शास्त्रीय चिन्तनको रूपमा पछिल्लो वैदिक, खासगरी उपनिषद कालदेखि प्रचलित ‘दर्शन’ (शास्त्रीय अर्थमा) को खोज, अध्ययन, प्रकाशनमा नेपाली विगत जगत अपेक्षाकृत मन्दगतिमा नै छ भन्नु अत्युक्ति हुने छैन । लिच्छविकालमा विकसित विविध दार्शनिक चिन्तन धारको एकनास विकास भएर आएको भए नेपाल धर्म, दर्शन र भाषाका क्षेत्रमा एउटा अन्तर्राष्ट्रिय केन्द्र नै हुनसक्ने थियो । तर कुनै संयोग खासगरी राजनीतिक अस्थिरता र पटक-पटक नेपालीले आक्रमण खेपेका कारण आदि कारणले संस्कृतिको त्यो पथ सवल हुन सकेन ।

दर्शनशास्त्रका अध्येता प्रगतिशिल धारका लेखक श्री वेदुराम भुसालले नेपालमा प्रचलित दार्शनिक चिन्तनधारहरूलाई चार वर्गमा बाड्नु भएको छ । ती हुन्-

१) जगतको सृष्टि सम्बन्धी चिन्तन धारा,

२) धार्मिक आस्थासित जोडिएका चिन्तनधारा,

३) पूँजीवादी राजनीतिक आस्थासँग जोडिएका चिन्तनधारा र

४) वामपन्थी राजनीतिक आस्थासँग जोडिएका चिन्तनधारा ।

२०६८ मा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित उहाँको यस कृति ‘नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू’ मा व्याख्या गरिएका यी विभिन्न धारहरूमा जगतको सृष्टि सम्बन्धी चिन्तन नेपालका विविध धार्मिक मतहरूसितै गाँसिएर आउने भएकाले ती दुईलाई पृथक नगरी ’धार्मिक आस्थासित जोडिएका सृष्टि सम्बन्धी चिन्तन’ भन्नु पनि अनुपयुक्त नठहरिने देखिन्छ । वास्तवमा नेपाली सभ्यताको विकासक्रममा बौद्धिक-आर्थिक-सामाजिक धार र गैर-बौद्धिक धारको समानान्तर विकास हुँदा नेपाल पनि दुवै धारको संगमस्थल रहेको थियो । सिन्धुघाटीको सभ्यतापछि आर्यहरूको सभ्यता गंगाको मैदानबाट पूर्व तथा उत्तरतिर फैलिएको र उत्तर भारत हुँदै नेपालमा प्रवेश गरेको विश्वास गरिन्छ । यो इ.पू. दोस्रो शताब्दीको अन्तिम गोपाल वंशको राज्य प्रणालीसित देखापर्यो । पछि किराँतहरूको पतन पछि पुनः यो धार समृद्ध भएर गयो । गैर-आर्य सभ्यताको धारचाहिँ सिन्धबाट पूर्वमा हिमाली र उच्च पहाडी क्षेत्र र दक्षिणमा विन्धबाट दक्षिणका क्षेत्रमा विस्तारित र संरक्षित भएको मानिन्छ । यस लेखमा कुनै एक वा बढी शास्त्रीय दर्शन विधाको चर्चा नगरी समग्रमा मानिसले ब्यवहारिक, जीवन र जगतका संचालन नियमहरूको परिधिमा रहेर निर्माण गरेका केही मूल्यमान्यता एवम् व्यवहारको सान्दर्भिकतालाई मात्र चर्चाको विषय बनाइएको छ ।

नेपाली जीवन दर्शन र संस्कारहरू

दर्शन चाहे त्यो भौतिकवादी होस वा पराभौतिकवादी अध्यात्मवादी वा अन्य, त्यसले वा मानिसलाई आफ्नो कर्म मार्गमा विचलित नभई रहिरहन प्रेरित गर्ने हो । त्यस दर्शनले मानिसको जीवन मार्ग निर्देश गर्ने हो । नेपालको दार्शनिक परम्परालाई ब्यवहारिक रूपमा हेर्न खोजेमा हामीकहाँ प्रचलित संस्कारको अध्ययनबाट अघि बढ्नुपर्छ ।

नेपाली समाजको संरचना हेर्दा यसमा इतिहासको थालनीमा नै आर्यमूलका हिन्दु तथा गैर- आर्यमूलका किराँत एवम् मंगोल मूलका विविध जनजाति यहाँ बसोबास गरिआएको पाइन्छ । यस पछिल्लो वर्गका अर्थात गैर-आर्य वर्गमा नेपालको पहाड र तराई क्षेत्रमा बसोबास गर्ने विविध जातिहरू पनि पर्दछन् । भौगोलिक प्रभाव, सामाजिक संरचनामा पाइने विविधता तथा धार्मिक विश्वास एवम् आस्थागत विविधताका कारण जीवन दर्शनमा पनि विविधता पाइन्छ । यी सबै जाति जनजातिको संस्कृतिको आधार उनीहरूको समाजमा प्रचलित संस्कारलाई नै मान्नुपर्ने हुन्छ ।

संस्कार मानिसले जीवनलाई परिस्कृत, वातावरण-सापेक्ष, समय सापेक्ष, गतिशील र विशिष्ट पहिचानयुक्त बनाउने क्रममा आफ्ना अनुभवका आधारमा सिर्जना गरेका विशिष्ट ब्यवहारहरूको समष्टि हो । यिनमा मानिसले आफ्नो धार्मिक पहिचान र ब्यक्तित्व, जन्मदेखि मृत्युसम्मका घटनामा लिइनुपर्ने सतर्कता, विविध व्यवहार, जीवित र मृत बीचको सम्बन्ध तथा दुरीका जटिल प्रश्नहरू, जन्म तथा वृद्धिका घटनालाई आत्मसात गर्न र तिनलाई जीवनको एक अङ्गको रूपमा संस्थागत गर्न प्रयास गर्यो । यसरी नै मानिसले जीवनलाई हेर्ने, त्यसको अर्थ बुझ्ने र जीवनलाई गति दिने काम गर्यो । नेपालभरि छरिएर रहेका जाति-जनजातिमा प्रचलित संस्कार - पर्वहरूको विश्लेषण गर्दा मानिसको यही जीवन-दर्शन प्रष्ट हुन्छ । यही दर्शनलाई ध्यानमा राखेर नै नेपाली जनजीवन हिमालदेखि तराई र पूर्वदेखि पश्चिमसम्म आफ्नै गतिमा चलिरहेछ ।

अथर्ववेदले मानिसका स्वास्थ्य लगायत विविध संकटलाई झेल्न र समस्यारहित हुने उपायहरू बारे चर्चा गरेको छ । त्यहाँ तन्त्र, जादु-टुना जस्ता निदानको पनि ज्ञान समाविष्ट छ । त्यसै गरी वेदले शिवलाई ‘भेषज’ अर्थात ‘उपचारकर्ता’ (डाक्टर) मानेको छ । वेदभन्दा पुरानो किराँत सभ्यता हिमालय लगायत वृहत् क्षेत्रमा विद्यमान भएको समयमा शिव नै महादेव अर्थात ठूला देवता थिए । नेपाली जीवन-दर्शनमा शिवको त्यो महिमा अक्षुण्ण रहेको छ, त्यस महिमाको स्वरूपमा समयानुसार परिवर्तन आए पनि शिवको नाम, उनका नामसित जोडिएका चाडपर्व, पूजा, मेला, धाम र तीर्थस्थलहरूको फिहरिस्त बनाउँदा नेपाल वा दक्षिण एसिया मात्र होइन, विश्वभरि नै पुग्नु पर्छ । अहिले शिव ‘हिमालयतिरका देवता’ मात्र होइनन्, लाखौं-करोड हिन्दु र अन्यका पनि पूज्य छन् । चाहे स्थापित शास्त्र होस् वा जनविश्वास, तर मानव शरीर रोगको घर हो भन्ने कुराबाट मानिस सधै विज्ञ छ । ऊ त्यसको निदानका लागि प्रयासरत पनि छ । तर निदानका बाटाहरू भने विश्वास र समय सापेक्ष रहेका छन् ।मृत्युलाई सहजरूपले वरण गर्नुपर्छ भन्ने हिन्दु, बौद्ध र हामी कहाँ प्रचलित विश्वास - मतहरूमा पनि पाइन्छ । एउटा बौद्ध कथा अनुसार उहाँका प्रिय पात्र भिक्षु सारिपुत्रले निर्वाण गति प्राप्त गर्नुभयो । बौद्ध भिक्षुवृत्तमा सर्वत्र शोक छायो । यस्तो अवस्थामा बुद्धले भन्नुभयो– मृत्यु अवश्यम्भावी छ भन्ने थाहा पाएपछि त्यसबाट शोकाकुल हुनु हुँदैन । बरू सबैले सारिपुत्र जस्तै शीलवान बन्ने प्रयत्न गर्नुपर्छ । भिक्षुहरू सबैले आफ्नो शरणमा जानुपर्छ ! आफ्नो ज्योति आफैँ हुनुपछ- अप्प दीपो भवः !

यो दर्शनले बुद्धको मार्ग अवलम्वन गर्नेहरूका लागि वास्तवमै सांसारिक मोह र विविध बन्धनबाट निरपेक्ष रहेर अरूको सेवामा लागिरहन प्रेरित गरेको छ ।

नेपालका गाउँघरमा रोगव्याधी लागेमा धामी, झांक्री, वेदाङ्गी वा अन्य विज्ञले कथाहरूमा शिवले लिएका रूपको कल्पना गरी विविध यज्ञ, जडीबुटी, मन्त्रको सहायताले रोगको निदान खोज्छन् । उनीहरू गोसाइकुण्ड गएर शिवको दर्शन गरी उपचार शक्तिको नविकरण गर्छन् । शिवले भुतप्रेत, पिचास, वायु-बतास, मसान आदि तत्वलाई पराजय गरेर स्वास्थ लाभ गर्न वा गराउन मद्दत गर्छन् भन्ने धारणामा नेपाली गाउँघरमा प्रचलित यो संस्कृति चलेको छ ।

शिवको परिवार पनि निकै ठूलो छ ।शिवकी शक्ति पार्वती, उनका सुपुत्र गणेश र कुमार समेतका नाममा स्थापित तीर्थ, मन्दिर, मूर्ति, पुराणकथा आदिले समाजलाई अराजकको स्थितिबाट सामान्य स्थितिमा ल्याउँछ भन्ने मान्यता छ । यसैले दशैं जस्ता पर्व हामी कहाँ प्रचलित छ । शिव - महादेवले समन्वयवादी दर्शनलाई सुरक्षित गरेका छन् । यसैले हिन्दु, बौद्ध, जैन, किराँत, पितृपूजक र अन्य समाजमा शिवमहिमा प्रभावकारी छ । बौद्धहरू शिवलाई लोकेश्वर मानेर पूजा गर्छन् । हिन्दुहरू बुद्धलाई कृष्णको नवौं अवतार मान्छन् । अलि खोतलेर अध्ययन अनुसन्धान गरेमा हामीकहाँ प्रचलित धार्मिक विश्वास, प्रचलन र मान्यताबाट नेपाली जीवन दर्शनका महत्वपूर्ण पक्ष बढी उजागर हुनेछन् ।

यस संक्षिप्त लेखमा नेपाली जीवन-दर्शनका आधार र केही पक्षलाई स्पर्श गर्ने प्रयास गरियो । मानिसको जीवन-दर्शनलाई उसको भौतिक परिवेश, जीवनका भोगाइ र उहापोहहरूका साथै अभौतिक वा सोच पक्षको पनि प्रभाव परेको हुन्छ भन्ने लेखकको आशय हो ।

राजनितिक रूपले देशले जुनसुकै स्वभाव, आकार र प्रकारको छलाङ्’ लगाए पनि कोरा भौतिक जीवनभन्दा माथि पनि एउटा जीवन छ, जसले मानिसको सोच, अन्तर्सम्बन्ध अघि बढ्ने उत्साह - प्रेरणा र जीवनलाई अर्थपूर्ण, समाजोपयोगी बनाउने ऊर्जा दिन्छ । दर्शनको तात्पर्य अलि घोत्लिने, जीवनका विविध पक्षबारे गहन चिन्तन गर्न र जीवनलाई आफ्नो लागि मात्र नभई सर्वजनहिताय बनाउन प्रेरित र तत्पर रहने भन्ने हो । मानव जीवन सच्चा अर्थमा अर्थपूर्ण हुनुपर्छ भन्ने नै सबै प्रचलित दर्शनहरूको शिक्षा हुन्छ । यस तथ्यलाई मनन गर्ने हो भने एक-आपसमा तनाव, टकराव र द्वन्द्वको स्थिति सिर्जना गर्नुको अर्थ छैन भन्ने निष्कर्ष निस्कन्छ ।

(प्रा. खत्री नेपाली समाज र संस्कृतिको गम्भीर अध्ययन गर्नुभएका मानवशास्त्री हुनुहुन्छ । साभारः दर्शन–दृष्टि पूर्णांक ९, २०६९ श्रावण)

पुस्तकालय दिवस विशेष

# विद्यालयमा पुस्तकालय बनाउने र चलाउने सीप

गुरु मैनाली

पुस्तकालय सानो वा ठूलो जत्रो पनि हुनसक्छ । किताब धेरै वा थोरै जति पनि हुनसक्छन् । तर सबैभन्दा उत्तम पुस्तकालय त्यो हो जहाँ विद्यार्थीहरू आउन मन पराउँछन् र आफूले चाहेको पुस्तक पढ्न पाउँछन् । स्कूल उमेरका बालबालिकामा पढ्ने बानी बसाउन, पढाइप्रति रुचि जगाउन र ज्ञान बढाउन स्कूलमा पुस्तकालय हुनैपर्छ । स्कूलमा पुस्तकालय भएपछि बालबालिकाहरूले फुर्सदको समयमा पनि पुस्तक पढ्न पाउँछन् ।

पुस्तकालय शिक्षकका लागि पनि उत्तिकै उपयोगी हुन्छ । किनभने, ज्ञान-सूचना अत्यन्त द्रुतगतिमा विस्मित हुने गर्छ । स्कूल वा क्याम्पसमा पढेमध्येका पचास प्रतिशत कुरा हरू एक वर्षपछि बिर्सिइन्छ । दुई वर्षभित्रमा असी प्रतिशत कुरा हरू बिर्सिइन्छ । त्यसैले शिक्षकहरूलाई आफूले सिकेको ज्ञान कायम राख्न र ज्ञान अद्यावधिक गराइराख्नका लागि समेत पुस्तकालय प्रभावकारी हुन्छ । पुस्तकालय ज्ञानको स्रोत हो । यसले शिक्षकलाई अध्यापनमा पनि सहयोग पुर्याउँछ । विद्यार्थीहरूमा अनुसन्धान गर्ने क्षमता विकास गर्नका लागि त पुस्तकालय सहयोगी हुन्छ नै ।

**प्राथमिक स्कूलको पुस्तकालय**

बालगीत, बाल कथा, बाल कविता, बाल सन्दर्भ-सामग्रीहरू तथा श्रव्यदृश्य सामग्री राखेर प्राथमिक स्कूलको पुस्तकालय बनाउन सकिन्छ । यस्ता पुस्तकालयका पुस्तक सरल, आकर्षक तथा रुचिकर हुनु जरुरी हुन्छ ।

**माध्यमिक स्कूलको पुस्तकालय**

प्राथमिक स्कूलमा हुँदा विद्यार्थीमा बसेको पुस्तक र पढाइप्रतिको रुचिलाई माध्यमिक स्कूलको पुस्तकालयले बढाउनुपर्छ । पुस्तकालयमा विद्यार्थीहरूको पठनपाठनमा मद्दत पुरयाउने र जीवनोपयोगी पढाइ तथा सीपलाई निरन्तरता दिने पुस्तक राख्नुपर्छ । यस्तो पुस्तकालयमा प्राथमिक तथा माध्यमिक दुवै तहका विद्यार्थीलाई काम लाग्ने पुस्तक राख्नुपर्छ । पुस्तक छनोट गर्दा विद्यार्थीको उमेरको ख्याल राख्नुपर्छ ।

**प्रधानाध्यापक/शिक्षक कोठा पुस्तकालय**

स्कूलमा पुस्तकालयका लागि बेग्लै कोठा नहुँदा प्रअ कक्षमा वा शिक्षक कक्षमा पुस्तक राखिएको हुन्छ । यस्ता पुस्तकालयमा स्वाभाविकरूपमै पुस्तक कम हुन्छन् । तैपनि फरक-फरक क्षमता भएका विद्यार्थीहरूलाई पढाउनका लागि शिक्षकहरूका लागि यस्तो पुस्तकालय पनि सहयोगी हुन्छ ।

**पुस्तकालयको स्थापना**

कुनै पनि काम पूर्ण सोचविचार का साथ गरिएको छ भने भविष्यमा आउने कठिनाइहरूको सामना गर्न सजिलो हुन्छ । जस्तो, पुस्तकालय चलाउने तरिका एकजना भन्दा धेरै मानिसलाई सिकाउनु पर्छ । त्यसै गरी वैज्ञानिक/व्यवस्थित तरिकाले पुस्तकालय सञ्चालन गरियो भने व्यक्ति फेरिएमा पनि केही फरक पर्दैन । पुस्तकालय निरन्तर रूपमा चल्छ । पुस्तकालयलाई पुस्तक राख्ने वा लैजाने ठाउँका रूपमा मात्र लिनुहुँदैन । यसलाई अध्ययन केन्द्र र सबै खालका सूचना पाइने मञ्चका रूपमा विकास गरिनुपर्छ ।

**पुस्तकालय सञ्चालक समिति**

पुस्तकालयको स्थापनाका लागि कामकाजी पुस्तकालय सञ्चालक समिति चाहिन्छ । यसमा प्रअ, शिक्षक तथा विद्यार्थीहरू सम्मिलित हुनुपर्छ । समितिमा धेरै सदस्य हुनुहुँदैन । पाँच वा सातजनासम्मको भए बेस हुन्छ । समितिमा छात्र तथा छात्रा दुवैको समान प्रतिनिधित्व हुनु जरुरी छ ।

पुस्तकालयप्रति अत्यधिक चासो भएका धेरै मानिसहरू पुस्तकालयसँग सम्बन्धित काममा सामेल हुन चाहन्छन् । ती सबैलाई पुस्तकालय समितिमा सामेल गर्न सकिँदैन । उनीहरूलाई समेट्नका लागि विद्यार्थीहरूमध्येबाट पुस्तकालय मनिटरको छनोट गर्न सकिन्छ । पुस्तकालय क्लबगठन गरी पुस्तकालय चलाउन चाहिने आवश्यक सहयोग पनि लिन सकिन्छ ।

समितिले पुस्तकालय खुल्ने र बन्द गर्ने दिन र समय, पुस्तक लैजाने र फिर्ता गर्ने नियम र समयावधि तथा जरिवाना सम्बन्धी नियम निर्धारण गर्छ । यसले पुस्तकहरूको छनोट र वर्गीकरणविधिको बारेमा समेत निर्णय लिन्छ ।

**पुस्तकालय भवन–कोठा र फर्निचरको व्यवस्था**

पुस्तकालय सानो वा ठूलो जत्रो पनि हुनसक्छ ।  किताब धेरै वा थोरै जति पनि हुनसक्छन् । तर सबै भन्दा उत्तम पुस्तकालय त्यो हो जहाँ विद्यार्थीहरू प्रायः जसो आउँछन् र उनीहरूले चाहेको पुस्तक पढ्न पाउँछन् । पुस्तकालयको कोठामा कम्तीमा पनि एउटा कक्षाका सबै विद्यार्थीहरू अट्नुपर्छ । कोठा सानो भएमा पढ्न अप्ठ्यारो हुन्छ । पुस्तकालयमा झ्याल, ढोका, भेन्टिलेसन हुनुपर्छ । पुस्तकालय उज्यालो र शीतल हुनुपर्छ । टेबल, कुर्सी वा पीरा, गुन्द्री,गजेरा वा कार्पेट राख्नुपर्छ । पुस्तकालय सफा हुनुपर्छ ।

पुस्तक र अन्य सामग्री कसरी सुरक्षित राख्न सकिन्छ भन्ने बारेमा पनि ध्यान दिनुपर्छ । लाइब्रेरियनको टेबुल ढोकाको छेउमा हुनुपर्छ । यसबाट उसले पुस्तकालयमा आउनेहरूले कुन पुस्तक लिएर बाहिरिएका छन् भन्ने देख्न सक्छ । झ्यालमा जाली ल गाउँदा लामखुट्टे आदि कीरा-फट्याङ्गाको समस्याबाट बँच्नुका साथै झ्यालबाट किताब बाहिर पठाउने सम्भावना पनि निराकरण गर्न सकिन्छ ।

**पुस्तक राख्ने तथा प्रदर्शन गर्ने दराज**

पुस्तक राख्ने र्याक विद्यार्थीहरूको पहुँचमा हुनुपर्दछ । यसका खण्डहरू किताब व्यवस्थित किसिमले राख्न मिल्ने हुनुपर्दछ । र्याक बेत/बाँस, काठ, स्टिल, ईंटा वा ढुङ्गाको बन्न सक्छ । प्राथमिक तहका विद्यार्थीहरूको किताब राख्ने र्याक चार फिट र माविका विद्यार्थीहरूका लागि ६ फिटभन्दा अग्लो हुनुहुँदैन । र्याकका खण्डहरू ज्यादै साना भएमा पुस्तकहरू ठड्याएर राख्न मिल्दैन भने ज्यादै ठूला भएमा ठाउँ खेर जान्छ ।

पत्रपत्रिका प्रदर्शनीका लागि र्याक बनाउन सकिन्छ । यस्तो र्याकमा चार वा पाँच खण्डसम्म राख्न सकिन्छ । र्याकको प्रत्येक खण्डलाई ३० डिग्रीको कोणमा छड्के पारी राख्नुपर्छ । माथिल्लो भागमा नयाँ पत्रपत्रिका र तल्लो भागमा पुराना पत्रपत्रिका राख्नुपर्छ । शब्दकोश वा इन्साइक्लोपेडिया अरू पुस्तकभन्दा ठूला हुन्छन् । यिनका लागि छुट्टै र्याक बनाउनुपर्छ ।

आजभोलि पुस्तकालयमा सूचना तथा सूचनाप्रविधि (आईटी) कक्ष राख्ने चलन बढ्दै गएको छ । पुस्तकालयकै एक भागमा यसको व्यवस्था गर्नसके पुस्तकालयको आकर्षण अरू बढ्छ । अहिले धेरै इ-किताबहरू इन्टरनेटबाट डाउनलोड गर्न सकिन्छन् । इन्साइक्लोपेडिया तथा शैक्षिक , सङ्गीत तथा भाषा सीडीहरू पनि पाइन थालेका छन् । पुस्तकालयलाई प्राप्त नगदी सहयोग, किताबहरू तथा जरिवाना आदिबाट उठेको रकमलाई आम्दानीमा जनाउनुपर्छ ।

**पुस्तकालयमा सङ्गृहीत सामग्री छनोट**

पुस्तकालयमा धेरै थरीका पुस्तकहरू हुन्छन् । ती सबै पुस्तकहरूलाई तीन खण्डमा बाँड्न सकिन्छ ।

**सन्दर्भ पुस्तक/सामग्री**

**सूचनामूलक पुस्तक/सामग्री**

**साहित्यिक पुस्तक/सामग्री**

विश्वकोश, शब्दकोश, एटलस आदि सन्दर्भ सामग्री हुन् । यी महँगा, ठूला र पाउन पनि कठिन हुने हुँदा सन्दर्भ सामग्रीका रूपमा राख्नुपर्छ । यस्ता सामग्री घर लैजान दिइँदैन । फेरि यस्ता सामग्री सबै पाठकलाई सधैँभरि चाहिँदैन पनि । यसलाई पाठकले पुस्तकालयमै बसेर अध्ययन गर्न सक्छन् ।

मानिस, ठाउँ र वस्तुहरूका बारेमा लेखिएका पुस्तकहरूलाई सूचनामूलक सामग्रीका रूपमा लिइन्छ । कथा, कविता तथा उपन्यास आख्यान श्रेणीमा पर्दछन् । भाषा राम्रो पार्न, आनन्द लिन र रचनात्मक कल्पना शक्ति बढाउन यस्ता पुस्तक पढिन्छन् । विद्यार्थीहरूको स्तर , रुचि आदि कुरा मा ध्यान दिई यस्ता पुस्तकहरू किन्ने गर्नु पर्छ । अहिले विश्वप्रसिद्ध र उम्दा लेखकका पुस्तकहरूलाई पनि विद्यार्थीहरूको उमेर/क्षमता अनुसारका भाषामा तयार पारिएका छन् । त्यस्तै यी पुस्तकहरू सस्तो तथा महँगो दुवैथरिका हुन्छन् । तसर्थ पुस्तक खरिद गर्नु अघि यसबारेमा पनि ध्यान दिन जरुरी छ । त्यस्ता सामग्री पुस्तक, पुस्तिका, समाचारपत्र, फोटोअल्बम, नक्सा, भिडिओ तथा श्रव्यदृश्यका रूपमा पाइन सक्छन् । तीमध्ये सबैभन्दा महत्वपूर्ण भने पुस्तक नै हुन् ।

विद्यार्थी तथा शिक्षकका लागि उपयोगी विविध पुस्तकहरू छान्नुपर्छ । एकै पटकमा एकजना भन्दा बढी विद्यार्थीहरूले पढ्न सकून् भनेर यस्ता किताब एकभन्दा बढी प्रति किन्नुपर्छ । विद्यार्थीहरूको परियोजना कार्यलाई सहयोग पुग्ने खालका सामग्री पनि किन्नुपर्छ । विश्व ज्ञानकोश, शब्दकोश, एटलस, म्याप आदि जस्ता सन्दर्भ सामग्रीहरू आजभोलि सीडीमा पनि पाइन थालेका छन् । कथा/उपन्यास तथा अन्य विषयगत पुस्तकहरू पनि राख्नुपर्छ । ज्ञान प्राप्त गर्न सकिने, विद्यार्थीहरूको रुचि तथा जिज्ञासा पूरा गर्ने , कला, साहित्य, सङ्गीत, नृत्य, हस्तकला तथा संस्कृतिका बारे जानकारी दिने सबै किसिमका सामग्री छनोट गर्नु पर्छ ।

असान्दर्भिक, अश्लील, जातीय द्वेष फैलाउने, अरुचिकर तथा उपयोगहीन सामग्री पुस्तकालयमा राख्नु हुँदैन । समाचारपत्र, नक्सा, फ्लिपचार्ट, पोष्टर, श्रव्यदृश्य सामग्रीहरू, विद्यार्थीहरूको मातृभाषामा लेखिएका पुस्तक, स्थानीय व्यक्तिले लेखेका पुस्तक तथा चाखलाग्दा विषयको फोटोकपी तथा जर्नलहरू उपयोगी हुन्छन् । कस्ता पुस्तकलाई पुस्तकालयबाट हटाउने भन्ने कुरा को निर्णय गर्न निकै कठिन हुन्छ । कहिलेकाहीं पुराना पुस्तक हटाउँदा अप्राप्य पुस्तकहरू पनि पुस्तकालयबाट हट्न सक्छन् । नक्सा, पोष्टर आदिले पुस्तकालयको भित्ता आकर्षक ढङ्गले सजाउन सकिन्छ ।

**पुस्तक तथा सामग्रीहरूको विवरण**

हरेक पुस्तक दर्ता गर्नु पर्छ । यसका लागि दर्ता किताब चाहिन्छ । रजिष्टरको दर्ता नम्बरलाई नै पुस्तककोगातापछि को पानामा लेख्नुपर्छ ।

दर्ता किताबमा दर्ता नम्बर, पुस्तकको नाम, लेखकको नाम र प्रकाशकको नाम उल्लेख गर्नु पर्छ । एउटै विषयका थुप्रै प्रति पुस्तक खरीद गरिएका छन् भने तिनीहरू सबैलाई बेग्लाबेग्लै दर्ता नम्बर दिनुपर्छ । यही दर्ता नम्बर पुस्तककोगाताको भित्रको पेजमा पनि लेख्नुपर्छ । यसले गर्दा पछि किताब फिर्ता सम्बन्धी विवाद भएमा त्यसको समाधान गर्न सहयोग पुग्छ । सबै पुस्तकको निश्चित पानामा स्कूलको छाप लगाउनुपर्छ ।

पुस्तकको शुरु को भित्री पानामा वा अन्तिम पानामा स्कूलको नाम, ठेगाना र पुस्तक फिर्ता गर्ने मिति लेख्ने कार्ड राख्नुपर्छ । सो कार्ड राख्नका लागिगोजी तयार पार्नुपर्छ । यो आफैंले तयार गर्न वा बजारबाट खरिद गर्न सकिन्छ ।

**पुस्तकको वर्गीकरण**

वर्गीकरण पुस्तकलाई व्यवस्थित गर्ने महत्वपूर्ण माध्यम हो । वर्गीकरण गरे पछि एउटै विषयका पुस्तकहरूलाई र्याकको एक ठाउँमा राख्न सकिन्छ । विभिन्न विषयवस्तु तथा क्षेत्रका आधारमा पुस्तकहरूलाई वर्गीकरण गर्ने गरिन्छ । पुस्तकको वर्गीकरण गर्दा सन्दर्भ पुस्तक, विषयगत (जस्तै, भूगोल, दर्शन, गृह विज्ञान, राजनीतिशास्त्र आदि) पुस्तक तथा साहित्य गरी तीन भागमा बाँड्नुपर्छ । सूचनामूलक वा विषयगत पुस्तकलाई अक्षर, रंग वा अङ्कद्वारा सङ्केत प्रदान गर्नु पर्छ । साहित्यलाई विषयगत रूपमा वर्गीकरण गरिदैन । तसर्थ तिनीहरूलाई वर्णानुक्रममा राख्नुपर्दछ ।

पुस्तकहरूलाई वर्गीकरण गर्दा निश्चित मापदण्ड अपनाइन्छ । पुस्तक वर्गीकरण गर्दा समयतालिका  विधि डिवे डेसिमल विधि, जुनियर रंगसङ्केत विधिको उपयोग गर्ने गरिन्छ । स्कूलको पुस्तकालयमा रंगसङ्केत तथा समयतालिका विधि उपयोग गर्नु राम्रो हुन्छ । समयतालिका विधिमा सबै विषयहरूलाई विद्यालयको समयतालिकाका आधारमा वर्गीकरण गरिन्छ भने डिवे डेसिमल विधिमा सबै विषयहरूलाई दश विषय खण्डमा बाँडिन्छ । विषयभित्र सहायक विषयहरू पर्न सक्छन् । तिनीहरूलाई तिनै कोडलाई विभाजन गरिन्छ ।

रंगसङ्केत विधिमा डिवे डेसिमल विधिकै प्रयोग गरिन्छ तर यसमा लेवलको रंग विषयपिच्छे फरक फरक पारिन्छ । यस्ता डाँडीपट्टी (क्उष्लभ बिदर्भा) बजारबाट खरिद गर्न सकिन्छ । आफैँले तयार गर्न पनि सकिन्छ ।

समयतालिका वर्गीकरण विधि प्राथमिक तहका स्कूलमा स्थापना गरिने पुस्तकालयका लागि उपयोगी हुन्छ । जुन माध्यमिक स्कूलको पुस्तकालयमा ५०० भन्दा कम पुस्तक हुन्छन् त्यहाँ रंगसङ्केत विधि उपयोग गर्नु राम्रो हुन्छ । सोभन्दा बढी पुस्तक भएको पुस्तकालयका लागि भने डिवे डेसिमल वर्गीकरण उपयुक्त मानिन्छ । तर यो विधि अलिक जटिल किसिमको हुन्छ । नेपाल राष्ट्रिय पुस्तकालय र नेपाल पुस्तकालय संघले यस बारेमा बेलाबेलामा तालिम दिने गरेका छन् । तिनीहरूसँग सम्पर्क गरी तालिम लिएमा यस्तो वर्गीकरण गर्न सजिलो पर्न जान्छ ।

**डाँडीपट्टी (Spine label) बनाउने विधि**

१.२५ वर्गइञ्चको कागजका टुक्रा लिने । त्यसमा वर्गीकरण अनुसारको सङ्केत लेख्ने । त्यसलाई पुस्तकको डाँडीमा तलबाट एकइञ्च छोडेर टाँस्नुपर्छ । यो लेवलको माथि सेलोटेप लगाइदिने ।

**सूचीकरण**

पुस्तकालयमा कुन-कुन पुस्तक छन् र कहाँ राखिएका छन् भन्ने कुरा को सूचना वा जानकारी दिने प्रक्रियालाई सूचीकरण भनिन्छ । सूचीकरणमा शीर्षक सूचीपत्र, लेखक सूचीपत्र र विषय सूचीपत्र प्रमुख छन् । ठूल्ठूला पुस्तकालयमा थुप्रैथरिका सूचीपत्र बनाइएका हुन्छन् । तर स्कूलको पुस्तकालयका लागि शीर्षक सूचीपत्र भए पुग्छ । पुस्तकालयलाई बढाउँदै लैजाने हो भने कार्ड सूचीपत्र पद्धति ज्यादा उपयुक्त हुन्छ । यहाँ दुवै पद्धतिका नमुना दिइएका छन् ।

**कार्ड सूचीपत्र**

हरेक पुस्तकका लागि छुट्टाछुट्टै कार्डको व्यवस्था गरिएको हुन्छ । कार्ड सूचीपत्रको लम्बाइ ५ इञ्च र चौडाइ ३ इञ्चको हुन्छ । यस शीर्षक सूची कार्डलाई वर्णानुक्रम अनुसार राखिएको शीर्षक सूची बाकसमा राख्नुपर्छ । यसमा सबैभन्दा माथि बायाँतर्फ रंगसङ्केत र सोभन्दा मुनि कार्डको बीचको भागमा पुस्तकको नाम लेखिएको हुन्छ । त्योभन्दा मुनि लेखकको थर, नाम र कार्डको तल बायाँपट्टि दर्ता नम्बर र त्योभन्दा तल पुस्तकको विषयको पहिला तीन वा चार अक्षरलाई ठूलो वर्णमा लेखिन्छ । व्याकरणलाई अंग्रेजीमा न्चबक्रभच र यसलाई सङ्केतमा लेख्दा न्च्बः लेख्न सकिन्छ ।

पुस्तकको नामका आधारमा वा लेखकको थरको आधारमा वर्णानुक्रम अनुसार कार्ड फाइल गरेर कागज अथवा काठको बाकसमा राख्न सकिन्छ । यो कार्ड यताउता नपरोस् भनी फित्ता वा डोरीले बाँधेर राख्नुपर्छ । विषयसूचीलाई पुस्तकालयको देखि ने ठाउँमा राख्नुपर्छ ।

**पुस्तकलाई वर्णानुक्रममा राख्ने**

साहित्यिक रचनाहरूलाई हरियो रंगको सङ्केत चिन्ह दिइन्छ । तर, रंगका आधारमा पुस्तक भेट्न बढी समय लाग्न सक्छ । यस्तो अवस्थामा रंगसङ्केत डाँडीपट्टीमा सबैभन्दा माथि पुस्तकको विषयको पहिला तीन अक्षर र मुनि लेखकको थरको शुरु का तीन अक्षर ठूलो वर्णमा लेख्न सकिन्छ । पुस्तकहरूलाई र्याकमा मिलाउँदा भने लेखकको थरको वर्णानुक्रम अनुसार मिलाउनुपर्छ ।

**पुस्तक उपयोगको सुविधा**

विद्यार्थीहरूलाई पुस्तक घर लैजानका लागि किताबको खल्ती, पुस्तक पत्ती, मिति पत्तीको जरुरत पर्दछ । विद्यार्थीहरूलाई पुस्तकालय कार्ड पनि दिइएको हुनुपर्दछ । पुस्तकालय कार्डमा बायाँपट्टिको भागमा विद्यार्थी विवरण र दायाँपट्टिको भागमा पुस्तक कार्ड राख्नका लागि झण्डै एकचौथाइ इञ्च जति मोडिएको भाग हुनुपर्दछ ।

**पुस्तक कार्ड**

यसमा माथिल्लो भागमा पुस्तक दर्ता नम्बर, लेखकको नाम थर र पुस्तकको शीर्षक लेखिएको हुन्छ । तल्लो भाग र पछाडिपट्टिको भागमा फिर्ता गर्ने अन्तिम मिति, पुस्तक लैजाने व्यक्तिको नाम तथा फर्काएको मिति उल्लेख गरिएको हुन्छ ।

**पुस्तककोगोजी**

यो ४ इन्च लम्बाइ र ३.५ इञ्च चौडाइको कागजको खाम हो । यसलाई आजभोलि किताबको अघिल्लो आवरण पृष्ठको भित्र वा अन्तिम आवरण पृष्ठको भित्र टाँसिएको हुन्छ । यसमा पुस्तक कार्ड राख्ने गरिन्छ । पाठकले किताब लैजाँदा यसलाई विद्यार्थीहरूको पुस्तकालय परिचयपत्रसँगै यहाँबाट झिकेर राखिन्छ र पुस्तक फिर्ता आएपछि यसलाई पुनः यही खल्तीमा राखिन्छ र विद्यार्थीको परिचय पत्र फिर्ता दिइन्छ । यो खाममा पुस्तक दर्ता नं. र पुस्तकालयका नियमहरू लेखिएका हुन्छन् ।

**पुस्तकको लेनदेन**

पुस्तकको लेनदेनका लागि हरेक विद्यार्थीहरूको पुस्तकालय परिचयपत्र बनाउनुपर्छ । विद्यार्थीहरूले आफ्नो परिचयपत्र पुस्तकालयमा राखेर आफूले चाहेको पुस्तक लैजान पाउँछन् । पुस्तक दिँदा पुस्तक कहिलेसम्ममा फिर्ता गर्नु पर्छ, ढिलो फिर्ता गरे मा कति जरिवाना तिर्नुपर्छ, पुस्तक हराएमा वा च्याते/बिगारेमा के कस्तो सजाय हुन्छ सोका बारेमा विद्यार्थीहरूलाई बताउनुपर्छ । यति भएपछि विद्यार्थीहरूलाई पुस्तक घर लैजान दिन शुरु गर्नु पर्छ । कम्तीमा वर्षमा एकपटक सबै किताब फिर्ता गर्न लगाउनुपर्छ । च्यातिएका किताब पुस्तकालयबाट हटाई हराएका र त्यसरी च्यातिएका किताबहरूको लगत कट्टा गर्नु पर्छ ।

विद्यार्थी र शिक्षकले ज्यादाभन्दा ज्यादा पुस्तक पढे भने पुस्तकमा कीरा लाग्न पाउँदैन । मट्टीतेल छर्किएमा धमिरा मर्छन् । स्थानीयस्तर मा पाइने प्राकृतिक औषधि छर्केर पनि पुस्तकलाई कीराबाट जोगाउन सकिन्छ ।

**पुस्तकहरूको सुरक्षा**

पुस्तकहरू कागजमा छापिएका हुन्छन् र कागजहरू सजिलैसँग च्यातिन सक्छन् । सीडी, डीभीडी पनि सजिलैसँग नासिन सक्छन् । तसर्थ यिनको सुरक्षा गर्नु जरुरी छ । पुस्तकालयमा वर्षाको पानी पसेमा ढुसी परी किताब बिग्रन सक्छन् । त्यस्तै साङ्लो, धमिरो, माउ आदिजस्ता कीराहरू पुस्तकका लागि ज्यादै हानिकारक हुन्छन् । धमिराले दुई महिनाभित्र निकैगतिलो पुस्तकालयलाई माटोमा मिलाइदिनसक्छ । त्यस्तै मुसाले पनि किताब र तखती काटेर हैरान पार्न सक्छन् । कीराबाट बच्न कहिलेकाहीं धातुका दराज तथा र्याक राख्न सकिन्छ । तर यिनमा लाग्ने खिया पनि किताबका लागि त्यत्तिकै हानिकारक हुन्छन् ।

तसर्थ पुस्तकालयमा पानी छिर्न दिनुहुँदैन । वर्षामा ढुसी पर्न सक्छ त्यसैले, पुस्तकालयमा प्रशस्त मात्रामा हावा खेल्न र घाम लाग्न दिनुपर्छ । पुस्तकालयमा खानेकुरा खान दिनुहुँदैन । नियमित रूपमा सरसफाई गर्नु पर्छ । ढुसीबाट बच्नका लागि सिलिका जेलको प्रयोग गर्न सकिन्छ जुन औषधि पसलमा पाउन सकिन्छ । कीराबाट पुस्तकलाई जोगाउन समय समयमा विषादी छर्कनुपर्छ । विषादी पुस्तकालय बन्द गर्ने बेलामा छर्नु राम्रो हुन्छ ।

विद्यार्थी र शिक्षकले ज्यादाभन्दा ज्यादा पुस्तक पढे भने पुस्तकमा कीरा लाग्न पाउँदैन । मट्टीतेल छर्किएमा धमिरा मर्छन । स्थानीयस्तरमा पाइने प्राकृतिक औषधि छर्केर पनि पुस्तकलाई कीराबाट जोगाउन सकिन्छ ।

पाठकहरूले पढ्दा पुस्तकको स्टीच वा सिलाइ चुँडिएर किताबका पाना हराउने हुनसक्छ । किताबकोगाता च्यातिन सक्छ । ठूलाठूला पुस्तकालयहरूमा बुक बाइण्डर राख्ने गरिन्छ । तर स्कूलको पुस्तकालयमा त्यो सम्भव छैन । ठूलो स्टेपलरले स्टीच गरेर वा सियोले सिएर पुस्तकलाई सुरक्षित बनाउन सकिन्छ ।

किताबका पानामा फोहोर लागेको भए होसियारीपूर्वक पुछ्नु पर्छ । पाना हराएका पुस्तकलाई अलग्गै राख्नुपर्छ । पुस्तकालय विद्यार्थी तथा शिक्षकहरूका लागि हो । यसको उपयोग जति बढी र सिर्जनात्मक किसिमले गरिन्छ पठनपाठनमा विद्यार्थीलाई त्यति नै बढी मद्दत पुग्छ । आफूले पढेका पुस्तकको समीक्षा गर्न लगाएर, कथालाई संक्षेपीकरण गर्न लगाएर, कथावाचन प्रतियोगिताको आयोजना गरेर पुस्तकालयलाई अझ बढी मात्रामा उपयोगी बनाउन सकिन्छ । (भीएसओद्वारा प्रकाशित र निकोल बेयडद्वारा लिखित सेटिङ अप एण्ड रनिङ अ स्कूल लाइब्रेरी पुस्तकबाट गरिएको अनुवाद । साभारः शिक्षक मासिक, २०६६ भदौ)

---

**प्रहरी...**

प्रधानमन्त्री केपी शर्मा ओली शनिबार चीन भ्रमणमा जाँदैछन । भ्रमण जानुअघि नै बसेको बैठकले आइजीपी नियुक्त गरेको हो ।

प्रधानमन्त्री ओली भदौ १८ गते फर्किनेछन् । त्यसकारण मन्त्रिपरिषदको बैठकले प्रधानमन्त्रीको भ्रमण अघि नै आइजिपी नियुक्त गर्ने निर्णय गरेको छ ।

नयाँ प्रहरी विधेयक पारित भएर कार्यान्वयनमा नआए उनी करिब तीन महिनाका लागि मात्रै आइजिपी बन्नेछन । प्रहरी नियमावली अनुसार उनी पनि ३० वर्षे सेवा हदकै कारणले मंसिर २३ गतेसम्म मात्रै प्रमुख हुनेछन । प्रहरी विधेयक आएको अवस्थामा भने फरक पर्न सक्नेछ ।

खापुङ २०२७ मंसिर २३ गते तेह्रथुमको मेन्छ्यायोम गाउँपालिका(६मा जन्मिएका थिए । उनले जेन्डर स्टडिजमा स्नातकोत्तर, र कानुनमा स्नातक गरेका छन् ।

नेपाल प्रहरीको प्रहरी निरीक्षकमा २०५२ कात्तिक २७ मा उनले सेवामा प्रवेश गरेका थिए । खापुङले प्रहरी निरीक्षक हुँदा मोरङको इलाका प्रहरी कार्यालय बेलबारीलगायतमा कमाण्ड सम्हालेका थिए ।

उनी प्रहरी नायब उपरीक्षकमा २०६४ साउन १ गते प्रहरी वृत्त चापागाउँ, इलाका प्रहरी कार्यालय धरान, प्रहरी वृत्त दरबारमार्ग लगायतमा कमाण्ड सम्हालेका थिए। उनी प्रधानमन्त्रीको प्रमुख सुरक्षा अधिकृत समेत भएर कार्यरत भएका थिए ।

खापुङ २०७३ पुस १३ गते प्रहरी उपरीक्षकमा बढुवा भएका थिए। प्रहरी उपरीक्षक हुँदा उनी बागलुङ प्रहरी कार्यालय, कर्मचारी प्रशासन शाखालगायतमा बसेका थिए । त्यस्तै २०७७ वैशाख १७ गते उनी प्रहरी वरिष्ठ उपरीक्षक भएका थिए । प्रहरी वरिष्ठ उपरीक्षक हुँदा उनी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख भए। त्यस्तै नेपाल प्रहरी प्रदेश कार्यालय काभ्रेको समेत प्रमुख भएका थिए ।  त्यस्तै प्रहरी नायब महानिरीक्षकमा उनी २०८० बैशाख ६ गते पदोन्नति भएका थिए। त्यसपछि उनले कोशी प्रदेश प्रमुख र अख्तियार दुरूपयोग अनुसन्धान कार्यालयमा समेत बसेर काम गरेका थिए ।

प्रहरी नायब महानिरीक्षक रहँदा नै उनको सिआइबीमा २०८१ मंसिर २७ गते सरूवा भएको थियो । त्यहाँ डिआइजीको रूपमा कार्यरत रहँदा उनी २०८२ बैशाख ४ गते एआइजीमा पदोन्नति भएका थिए । उनी हालसम्म पनि सिआइबी प्रमुख छन ।

खापुङले इटाली, भियतनाम, चीनलगायतमा तालिम लिएका छन। स्वदेश र विदेशमा गरी विविध १४ वटा विषयमा तालिम लिएका छन् । त्यस्तै उनी प्रबल जनसेवा श्रीसहित १७ पटक पुरस्कृत समेत भएका छन ।

उनले संयुक्त राष्ट्रसंघको शान्ति मिसनतर्फ दुई पटक हाइटीमा सेवा गरेका थिए । फर्म पुलिस युनिट र इन्डिभिड्युजल मिसनमा उनले सेवा गरेका थिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

दर्ता नं. १८५३७२मा दर्ता भएको कुँवर वर्ल्ड लिंक एग्रि फार्म एंड नर्सरी रिसर्च सेन्टर प्रा.लि.को कम्पनी दर्ता खारेजी गर्ने मागर सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार रमिति २०८२/०५/११ मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (१) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

बाँकी पुष्ठ ४ मा



बन्दाखेती

बागलुङ नगरपालिका-१ स्थित 'छन्त्याल कृषि फर्म'को प्लास्टिकको टनेलभित्र फलेका बन्दा। तरकारी खेतीबाट राम्रो आम्दानी भइरहेको फर्म सञ्चालक कला छन्त्याल र गणेश छन्त्यालको भनाइ छ। तस्विर : खेमराज गौतम / रासस

# 'बजेट आयो, योजना आएन'

**श्रीकृष्ण सिग्देल**

*(वालिङ) स्याङ्जा*

आर्थिक वर्ष २०८२/०८३ का लागि वालिङ नगरपालिकाले नगरसभामा पेश गरेको बजेट अहिलेसम्म सार्वजनिक गरेको छैन। नगरसभामा १ अर्ब ५ करोडको ७६ लाख ९ हजारको बजेट पेश गरिएको थियो। सभामा क्षेत्रगत बजेट नै नछुट्टाई पेश गरेका कारण बजेट सार्वजनिक गर्न ढिलाइ भएको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ अनुसार चालु आर्थिक वर्षको बजेट असार १० गतेभित्र पेश गर्नुपर्ने व्यवस्था छ। जस अनुसार वालिङ नगरपालिकाले समयमै बजेट नगरसभामा पेश गरेको थियो।

नगरसभामा पेश भएको बजेटलाई असार मसान्तभित्र कार्यपालिकाबाट अनुमोदन गरिसक्नु पर्ने कानुनी व्यवस्था छ। कार्यपालिकाबाट बजेट अनुमोदन भएको ७ दिनभित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख छ। तर अहिलेसम्म पनि वालिङ नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट कार्यान्वयन गर्न अख्तियारी नै दिएका छैनन्। अख्तियारी नै नपाएको बजेट नगरपालिकाको वेबसाइडमा सार्वजनिक गर्न समस्या भएपछि अन्योल सिर्जना भएको छ।

कार्यपालिकाले क्षेत्रगत योजना र कार्यक्रमका लागि निर्माण गरेको बजेटभन्दा बढी योजना समावेश गर्नुपर्ने परिस्थिति आएपछि बजेटको ब्रेकडाउन हुन नसकेको बताइएको छ। बजेट ब्रेकडाउन हुन नसकेपछि नगरको वेबसाइडमा सार्वजनिक गर्न कठिनाइ भएको नगरपालिकाले जनाएको छ।

वालिङ नगरपालिकाको बजेटको क्षमता ९३ करोड रहेपनि उप-प्रमुखले पेश गरेको बजेट झण्डै १२ करोड बढी रहेको थियो। समयमै क्षेत्रगत योजना बाँडफाँट नहुँदा बजेटको आकार दैनिक जसो बढ्न थालेपछि भित्रभित्रै विवाद सिर्जना भएको बुझिएको छ। नगरसभामा पेश भएपछि पनि योजनाहरु थपगर्दा घाटा बजेट सिर्जना हुनेभएपछि विवाद सिर्जना भएको एक कर्मचारीले बताए।

असार मसान्तभित्र बजेट अनुमोदन भइ ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने कानुनी व्यवस्थाअनुसार वालिङ नगरपालिकाले साउन ७ गते बजेट कार्यान्वयन गर्न नगरप्रमुखले अख्तियारी दिनुपर्ने थियो। तर अहिलेसम्म प्रमुख प्रशासकीयलाई अख्तियारी नदिएकाले बजेट सार्वजनिक हुन नसक्दा नागरिकले माग गरेका योजनाहरु परेकी परेका छैनन् भन्ने थाहा पाउन सकेका छैनन्। यस विषयमा नगरप्रमुख कृष्ण खाँणले केही प्राविधिक समस्याका कारण बजेट सार्वजनिक गर्न ढिलाइ भएको बताए। केही दिनमै शनिबार (भदौ १४ गते) सम्म वालिङ नगरपालिकाको बजेट सार्वजनिक हुने खाँणको भनाइ छ। सीमित बजेट योजना धेरै हुँदा केही समस्या हुन गएको खाँणले बताए।

समयमै बजेट हस्तान्तरण नहुँदा नगरपालिकाले वार्षिक रुपमा गरिने काम सबै ठप्प भएका छन्। यो समस्या हरेक वर्ष हुँदै आएको छ। गतवर्ष पनि प्रमुख र उपप्रमुख बिच बजेट बाँडफाँटमा विवाद हुँदा भदौको अन्तिम सातामात्रै बजेट सार्वजनिक भएको थियो। यो वर्ष पनि पुरानै समस्या दोहोरिने देखिएको छ। समयमै बजेट सार्वजनिक गर्न नसक्दा नगरपालिका स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) मा कमजोर बन्दै गएको छ।

# होराइजन कलेजमा एआई, मानसिक स्वास्थ्य र पोषण सचेतना विषयक सेमिनार



बुटवल। तिलोत्तमा नगरपालिका १ ड्राइभरटोलमा रहेको होराइजन गौतमबुद्ध माध्यमिक विद्यालय (न्यू होराइजन कलेज) ले किशोर-किशोरीसम्बन्धी महत्वपूर्ण विषय "एआई, मानसिक स्वास्थ्य र पोषण सचेतना" विषयक सेमिनार सम्पन्न भएको छ।

विद्यार्थीहरूको ज्ञानवृद्धि मात्र नभई व्यावहारिक जीवनमा पनि सकारात्मक असर गर्ने विश्वास लिएको कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थीहरुलाई लक्षित गरि सहभागी गराइएको थियो।

तिलोत्तमा नगरपालिका नगरप्रमुख रामकृष्ण खाँणले नगरले शिक्षा र स्वास्थ्यलाई ध्यानमा राख्दै आएको दाबी गरे। उनले विद्यालयहरुको अध्यापनको शैलीमा प्रविधिको प्रयोग बढाउनुपर्ने र आवश्यक सहयोगको लागि नगरपालिका तयार रहेको उद्घोष गरे।

न्यू होराइजन कलेजका प्राचार्य गोपालप्रसाद आचार्यले एआईलाई कसरी प्रयोग गर्ने, पठनपाठनमा कसारी काम गर्ने, कसरी मानसिक समस्या परेका छन्, वा पोषणसँग सम्बन्धी के-के समस्या छन् भन्ने बारेमा जानकारी गराउन कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा सूचना प्रविधि विज्ञ तथा प्रधानमन्त्रीका सूचना-प्रविधि सल्लाहकार इञ्जिनियर असगर अली, मानसिक स्वास्थ्य विशेषज्ञ डा. अशिम रेग्मी, पोषण विज्ञ डा.गोविन्द भण्डारीले सहजीकरण गरेका थिए।

कार्यक्रममा सूचना प्रविधि विज्ञ तथा प्रधानमन्त्रीका सूचना-प्रविधि सल्लाहकार इञ्जिनियर असगर अलीले कृत्रिम बुद्धिमत्ता एआईको प्रयोग, सम्भावना र चुनौतीबारे आफ्ना विचार राख्दै नयाँ पुस्ताले यसलाई सही तरिकाले उपयोग गर्नुपर्नेमा जोड दिए।

त्यस्तै, लुम्बिनी प्रादेशिक अस्पतालका मानसिक स्वास्थ्य विशेषज्ञ डा. अशिम रेग्मीले किशोरावस्थामा देखिने मानसिक समस्या, तनाव, डिप्रेशन जस्ता अवस्थाबारे सचेतना जगाउँदै परिवार, विद्यालय र समाजले समयमै सहयोग र समझदारी देखाउनुपर्ने उल्लेख गरे।

पोषण स्वास्थ्य क्षेत्रका विज्ञ डा. गोविन्द भण्डारीले किशोरहरूमा पोषणको महत्व, कुपोषणका असर तथा स्वस्थ जीवनशैली अपनाउनुपर्नेबारे व्यावहारिक जानकारी प्रदान गरेका थिए।

कार्यक्रममा कलेजका अध्यक्ष ज्ञानेन्द्र कसजु, होराइन माविका प्राचार्य लोकनाथ उपाध्याय, कलेजका उप-प्राचार्य इन्द्र भुसाल, एक्डेमिक डाइरेक्टर लक्ष्मणप्रसाद गौतमलगायतले बोलेका थिए।

# 'पर्यावरणसँगै उद्योगहरूको पनि संरक्षण गरियोस्'



नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश
Federation of Nepalese Chamber of Commerce & Industry Lumbini Province

Kalika path Siddharthanagar-12
Rupandehi
Lumbini Province
Nepal
Tel 071-587056
E-mail-
fncci.lumbiniprovince@gmail.com

**प्रेस विज्ञप्ति**

**पर्यावरण संरक्षणसँगै उद्योगहरुको सुरक्षा र रोजगारीलाई पनि सुनिश्चित् गरियोस्।**

नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशले लुम्बिनी-भैरहवा करिडोरमा रहेका उद्योगहरूलाई दुई वर्षभित्र स्थानान्तरण गर्न सर्वोच्च अदालतले दिएको आदेशप्रति सम्मान प्रकट गर्दै यस निर्णयका बहुआयमिक प्रभावहरू हुने विषयमा ध्यानाकर्षण गराउन चाहान्छौं। लुम्बिनी विश्व सम्पदा सूचीमा परेको क्षेत्र भएकाले यसको संरक्षण र पर्यावरणीय सन्तुलन कायम राख्नु हामी सबैको साझा जिम्मेवारी हो भन्ने नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश महासंघको स्पष्ट धारणा हो। तथापि सम्मानित सर्वोच्च अदालतको यस आदेशले यस क्षेत्रमा लगानी गरेर उत्पादन र रोजगारी सिर्जना गरिरहेका उद्योगी व्यवसायीहरूमा असुरक्षा र अनिश्चित्ताको वातावरण सिर्जना गरेको देखिन्छ। यसप्रति सबै सरोकारवालाहरु गम्भिर हुनुपर्दछ भन्ने हाम्रो धारणा रहेको छ।

अरबौं रुपैयाँको लगानीमा नेपाल सरकारको नियमानुसार दर्ता तथा नवीकरण भई सञ्चालन भइरहेका उद्योगहरूलाई स्थानान्तरण वा बन्द गर्नुपर्ने अवस्थाले न्यून आर्थिक चलायमान र सुस्त आर्थिक अवस्थाका कारण आफ्नो उत्पादन क्षमताको ५० प्रतिशत मात्र उत्पादन गरी जेनतेन उद्योग सञ्चालन गरिरहेका उद्योगहरुको संवैधानिक अधिकार रक्षा गर्नु पनि राज्यको दायीत्व हुनु पर्दछ भन्ने हाम्रो बुझाई हो। बन्द हुने अवस्था र स्थानान्तरणको उचित क्षतिपूर्ति र सहुलियतको व्यवस्था नगरिए उद्योगीहरूको मनोबलमा गम्भीर गिरावट आउने मात्र होइन, हजारौं श्रमीकहरुको रोजगारी समेत संकटमा पर्ने खतरा छ यसले समग्र लुम्बिनी प्रदेश र रुपन्देहीको सामाजिक-आर्थिक संरचना कमजोर बनाउने र लगानी मैत्री वातावरणमा नकारात्मक असर पार्ने देखिएको छ। आदेशले उद्योग स्थानान्तरणपछि जमिनलाई पर्यटनमैत्री व्यवसायमा प्रयोग गर्न प्रोत्साहन गरेको भए पनि त्यसका लागि आवश्यक पूर्वाधार, लगानीको वातावरण र नीति निर्माण स्पष्ट नभएसम्म व्यवहारिक कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनीले सरकार र सम्बन्धित निकायलाई उद्योग, रोजगारी र वातावरणबीच सन्तुलन कायम गर्ने रणनीति बनाउन आग्रह गर्दछ। यसका लागि स्पष्ट समयरेखा, क्षतिपूर्ति व्यवस्था, वैकल्पिक औद्योगिक क्षेत्रको स्थापना, श्रमिकहरु दुवैको हित सुरक्षित हुने कार्यक्रम र दीर्घकालीन नीति सुधारका पहललाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ भन्ने हाम्रो मान्यता हो। लुम्बिनी विश्वकै गौरव हो यसको संरक्षण हाम्रो साझा दायित्व हो र यसको संरक्षण हाम्रो साझा कर्तव्य भएजस्तै, यस क्षेत्रमा वर्षौंदेखि लगानी गरेर योगदान दिइरहेका उद्योगी व्यवसायी र तिनका रोजगारीमा आश्रित परिवारहरूको भविष्य सुरक्षित राख्नु पनि राज्यको दायीत्व हो। नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशले लुम्बिनीलाई विश्वस्तरीय धरोहरका रूपमा जोगाउँदै औद्योगिक तथा पर्यटकिय विकासलाई व्यवस्थित, सुरक्षित दृष्टिकोणबाट अघि बढाउन सरकार र सरोकारवाला निकायसँग सहकार्य गर्न तयार रहेको स्पष्ट गर्दछौं।

मिति २०८२।०५।१३

कृष्णप्रसाद शर्मा
अध्यक्ष




भैरहवा। नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशले लुम्बिनी-भैरहवा करिडोरमा रहेका उद्योगहरूलाई दुई वर्षभित्र स्थानान्तरण गर्न सर्वोच्च अदालतले दिएको आदेशप्रति सम्मान गर्दै यस निर्णयका बहुआयामिक प्रभावहरू हुने विषयमा ध्यानाकर्षण गराएको छ।

महासंघ लुम्बिनी प्रदेशले शुक्रबार विज्ञप्ति जारी गर्दै लुम्बिनी विश्व सम्पदा सूचीमा परेको क्षेत्र भएकाले यसको संरक्षण र पर्यावरणीय सन्तुलन कायम राख्नु सबैको साझा जिम्मेवारी हो भन्ने आफ्नो स्पष्ट धारणा भएको जनाएको छ।

महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ-'सम्मानित सर्वोच्च अदालतको यस आदेशले यस क्षेत्रमा लगानी गरेर उत्पादन र रोजगारी सिर्जना गरिरहेका उद्योगी व्यवसायीहरूमा असुरक्षा र अनिश्चित्ताको वातावरण सिर्जना गरेको देखिन्छ। यसप्रति सबै सरोकारवालाहरु गम्भीर हुनुपर्दछ भन्ने हाम्रो धारणा रहेको छ।'

अर्बौं रुपैयाँको लगानीमा नेपाल सरकारको नियमानुसार दर्ता तथा नवीकरण भई सञ्चालन भइरहेका उद्योगहरूलाई स्थानान्तरण वा बन्द गर्नुपर्ने अवस्थाले न्यून आर्थिक चलायमान र सुस्त आर्थिक अवस्थाका कारण आफ्नो उत्पादन क्षमताको ५० प्रतिशत मात्र उत्पादन गरी जेनतेन उद्योग सञ्चालन गरिरहेका उद्योगहरुको संवैधानिक अधिकार रक्षा गर्नु पनि राज्यको दायित्व हुनु पर्दछ भन्ने महासंघको बुझाइ हो।

'बन्द हुने अवस्था र स्थानान्तरणको उचित क्षतिपूर्ति र सहुलियतको व्यवस्था नगरिए उद्योगीहरूको मनोबलमा गम्भीर गिरावट आउने मात्र होइन, हजारौँ श्रमिकहरुको रोजगारी समेत संकटमा पर्ने खतरा छ, यसले समग्र लुम्बिनी प्रदेश र रुपन्देहीको सामाजिक-आर्थिक संरचना कमजोर बनाउने र लगानी मैत्री वातावरणमा नकारात्मक असर पार्ने देखिएको छ। आदेशले उद्योग स्थानान्तरणपछि जमिनलाई पर्यटनमैत्री व्यवसायमा प्रयोग गर्न प्रोत्साहन गरेको भए पनि त्यसका लागि आवश्यक पूर्वाधार, लगानीको वातावरण र नीति निर्माण स्पष्ट नभएसम्म व्यवहारिक कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।'-विज्ञप्तिमा उल्लेख छ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनीले सरकार र सम्बन्धित निकायलाई उद्योग, रोजगारी र वातावरणबिच सन्तुलन कायम गर्ने रणनीति बनाउन आग्रह गर्दै यसका लागि स्पष्ट समयरेखा, क्षतिपूर्ति व्यवस्था, वैकल्पिक औद्योगिक क्षेत्रको स्थापना, श्रमिकहरु दुवैको हित सुरक्षित हुने कार्यक्रम र दीर्घकालीन नीति सुधारका पहललाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ भन्ने मान्यता राखेको छ। लुम्बिनी विश्वकै गौरव हो यसको संरक्षण हाम्रो साझा दायित्व हो र यसको संरक्षण हाम्रो साझा कर्तव्य भएजस्तै, यस क्षेत्रमा वर्षौंदेखि लगानी गरेर योगदान दिइरहेका उद्योगी व्यवसायी र तिनका रोजगारीमा आश्रित परिवारहरूको भविष्य सुरक्षित राख्नु पनि राज्यको दायित्व हो।

नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशले लुम्बिनीलाई विश्वस्तरीय धरोहरका रूपमा जोगाउँदै औद्योगिक तथा पर्यटकिय विकासलाई व्यवस्थित, सुरक्षित दृष्टिकोणबाट अघि बढाउन सरकार र सरोकारवाला निकायसँग सहकार्य गर्न महासंघ लुम्बिनी प्रदेश तयार रहेको समेत जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्।

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

विद्युतीय व्यापार (इ कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु

- विश्वसनीय बेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं।
- व्यक्तिगत जानकारी (जस्तै ओ.टी.पी., पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं।
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं।
- खरिद गरेको सामग्री बिग्रिएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं।
- फेसबुक लगायत अन्य संचारमाध्यममा देखिएको विज्ञापन लिंक खोज्नु अघि सावधानी अपनाउने गरौं।
- ठगीको मनासयले गरिने अत्यधिक सस्तो सामग्रीप्रति सचेत रहौं।
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानूनी रुपमा दर्ता भए/नभएको एकिन गरौं।
- खरिद गरेका सामग्रीको बिल सुरक्षित राखौं।

नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com